आज मिति २०७३ जेठ १७ गते सोमबार विहान ११:०० बजे नि. कार्यकारी अधिकृत श्री गणेश नेपालीज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्य संचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. नि. कार्यकारी अधिकृत  गणेश नेपाली अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. आ.ई. रामगोविन्द श्रेष्ठ

३. आ.ई. दिलभक्त जयना

४. का.अ. गणेशलाल फोजू

५. जि.अ. रेभिड कुस्मा

६. क.अ. प्रभास कुमार चालिसे

७. पु.अ. भुपाल मूल

८. इ. ओमहरि था

९. शा.अ. अम्बिका धौभडेल

१०. शा.अ. रत्नमाया बाला श्रेष्ठ

११. शा.अ. दिलिपकुमार सुवाल

१२. ई. हरिबहादुर सुवाल

१३. शा.अ. दामोदर सुवाल

१४. आलेप विनोद आगन्जा

१५. प्रे.अ. काशिलाल प्रजापति

## विषयहरु :–

१. बैठक भत्ता बारे ।

२. FC Recovery Programme - Infrastructure Component : Bhaktapur को PIU को टिम लिडरको जिम्मेवारी दिने बारे ।

३. सम्पदा संरक्षण, उत्खनन र पुनः निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्ने बारे ।

४. वृक्षारोपण कार्यक्रम बारे ।

## निर्णयहरु :–

१. भूकम्पबाट क्षति भएका भक्तपुर नगरपालिकाको पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदाहरु पुनः निर्माण, विद्यालयहरुको पुनः निर्माण, बाटोको ढुंगा तथा ईटा छपाई र ऐतिहासिक महत्वको निजी घरहरुको पुनः निर्माण कार्य अघि बढाउन माननीय सांसद श्री प्रेम सुवालज्यूको संयोजकत्वमा गठन भएको पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको पुनः निर्माण निर्देशक समितिका पदाधिकारीहरुलाई नेपाल सरकारको नियमानुसार बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

२. उपरोक्त सम्बन्धमा यस न.पा.को मिति २०७३।२।१२ गते, च.नं. ४४२७ को पत्रानुसार ख्वप इन्जिनियरिङ्ग कलेजको च.नं. १९५३, मिति २०७३।२।१७ गतेको पत्रानुसार मिति २०७२ बैशाख १२, १३ र २९ गतेको विनासकारी भूकम्पबाट क्षति भएको भक्तपुर नगरको सम्पदाहरु, विद्यालयहरु, बाटोमा ढुंगा छपाई लगायत पुनः निर्माण तथा मर्मत संभार गर्न भक्तपुर नगरपालिका र KFW बीच भएको सम्झौता अनुसार परियोजना कार्यान्वयन इकाईको टिम लिडरको रुपमा सोही परियोजनाबाट तलब भत्ता पाउने गरी वरिष्ठ सिभिल इन्जिनियर श्री गणेशराम न्हेम्हाफुकीलाई काजमा खटाई पठएकोले निजलाई FC Recovery Programme - Infrastructure Component : Bhaktapur को PIU को टिम लिडरको रुपमा मिति २०७३।२।१७ गतेदेखि हाजिर गराई जिम्मेवारी दिने निर्णय गरियो । साथै उक्त परियोजनाको कार्यालय शहीद स्मृति खेल मैदानको सामुदायिक भवनमा संचालन गर्ने समेत निर्णय गरियो ।

३. मिति २०७२।१।१२, १३ र २९ गते गएको विनासकारी भूकम्पबाट भक्तपुर नगर क्षेत्रभित्र धेरै सम्पदाहरु क्षति भएको हुंदा उक्त सम्पदाहरु उत्खनन्, पुनः निर्माण, जीर्णोद्धार र संरक्षण सम्बन्धमा सम्पदा, संस्कृति तथा पुरातत्वविद्हरुसँग मिति २०७३।२।२५ गते अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो ।

४. नगर क्षेत्रमा हरियाली विकास गरी भक्तपुर नगरलाई स्वच्छ सफा बनाई राख्न नगरपालिकाले तपसिलका बाटोको दायाँ-बायाँ वृक्षारोपण गर्न सकिने भएको हुंदा वृक्षारोपण गर्न आवश्यक सामाग्री र बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**वृक्षारोपण गर्ने सडकहरु**

तुमचो दुगुरे क्षेत्र

ईतापाके सडक

मुस्यामी तं सडक

कमलविनायक नेपाल बैंक अगाडि फुटपाथ

**आवश्यक सामाग्रीहरु**

१. विभिन्न जातको विरुवाहरु ३०० वटा

२. त्री गार्ड (जाली) ३०० वटा

३. वृक्षारोपण व्यवस्थापन खर्च

**तपसिल**

| क्र.सं. | विवरण | परिमाण | दररेट | जम्मा रकम |
|---|---|---|---|---|
| १ | विभिन्न जातको विरुवा | ३०० वटा | रु.१२००।- | रु.३,६०,०००।- |
| २ | त्रि गाडं (जाली) | ३०० वटा | रु.२५००।- | रु.७,५०,०००।- |
| ३ | वृक्षारोपण व्यवस्थापन खर्च | | | रु. ५०,०००।- |